"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८४/०८२
चलानी नं. (Reg. No.):

मितिः २०८३/०२/०७
ने.सं. ११४६, अनलाथ्व, द्वादशी, बुधवार

### बर्ड फ्लु रोग नियन्त्रण र रोगथामको लागि सरोकारवालाहरुलाई आव्हान

हाल नेपालको बिभिन्न जिल्ला लगायत काठमाण्डौं उपत्यकाको विभिन्न स्थानहरुमा व्यावसायिक तथा घरपालुवा पन्छीहरूमा एभियन इन्फ्लुएन्जा भाइरस (H5N1) को संक्रमण देखिएको पुष्टि भएकोले रोगको रोकथाम तथा नियन्त्रण गर्न आवश्यक देखिएको छ। यसै सन्दर्भमा रोगको रोकथाम तथा नियन्त्रणका लागि तपशिल बमोजिमका कार्यहरू गर्न गराउन हुन सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कुखुरापालक कृषकले अपनाउनु पर्ने सावधानीहरु**

१. फार्ममा अनावश्यक आगन्तुक र सवारी साधनलाई प्रवेश नगराऔं र कुखुरा वा दाना ओसार पसार गर्ने सवारी साधनलाई फार्म परिसर भित्र प्रवेश नगराऔं ।

२. फार्म परिसर भित्र प्रवेश गराइने हरेक सवारी साधनलाई निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराऔं र कुखुरा ढुवानी गर्ने सवारी साधन कुखुरा अनलोड गरे पश्चात अनिवार्य रुपमा सरसफाई तथा निःसंक्रमण गरौं ।

३. फार्म खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गरौं र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गरौं ।

४. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गरौं र खोर भित्र र बाहिर हप्ताको कम्तिमा दुई पटक निःसंक्रमण गरौं ।

५. फार्म परिसरभित्र कुकुर, बिरालो, मुसा लगायतका अन्य पशुपन्छी लगायत जंगली चराचुरुङ्गी प्रवेश गर्न नसक्ने व्यवस्था गरौ र कुखुरा, हाँस र बंगुरपालन एकै स्थानमा नगरौं ।

६. मरेका पन्छीलाई यथासक्य छिटो सुरक्षित तवरले पिट वा गहिरो खाडलमा गाडौं र रोग सर्न सक्ने जोखिम रहने हुँदा एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजाऔं ।

७. प्रयोग भइसकेको कागजको अण्डा राख्ने क्रेट पुनः प्रयोग नगरौ नगराऔं ।

८. पन्छीपालन व्यवसायमा संलग्न कृषकहरुले अनिवार्य रुपमा बीमा गरी क्षति न्यूनीकरण गरौं गराऔं ।

९. कुखुराको मासु र अण्डा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

**पुनश्चः** अचानक धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त महालक्ष्मी नगरपालिका पशु सेवा शाखा इमाडोल/पशु सेवा कार्यालय लगनखेल ललितपुरमा जानकारी गराइ मरेको कुखुरा हाँस वा पन्छीहरुको नमूना जाँचको लागि केन्द्रीय पशु रोग अन्वेशण प्रयोगशाला त्रिपुरेश्वरमा सम्पर्क गरौं ।

अमित ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

अमित ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np